# लेखापरीक्षण प्रतिवेदन

# बेनी नगरपालिका, म्याग्दी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बेनी नगरपालिका, म्याग्दी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/301

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,
बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
म्याग्दी।

**कैफियतसहितको राय**

हामीले बेनी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण ) वा (आय व्यय विवरण) वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण ) वा (आय व्यय विवरण) ले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. बेनी नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. १५ करोड २३ लाख ११ हजार र गरिव सँग विशेश्वर कार्यक्रम रु. ४ लाख ९ हजार समेत गरी रू. १५ करोड २७ लाख २० हजार समावेश गरेको छैन।

२. बेनी नगरपालिकाको रु. १ अर्ब ७० करोड २७ लाख ४२ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ७४ लाख ३२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा कुल बेरुजु रु. २ करोड ७४ लाख ३२ हजार मध्ये असुल गर्नुपर्ने रू. ३ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७८ लाख ४७ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ९२ लाख ७२ हजार रहेको छ।गत वर्षसम्म रु. १३ करोड ४० लाख १ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड ८२ लाख २२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बेनी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य ब्यहोरा**

बेनी नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी बेनी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | १९ | २७४३२२३६ | ० | ० | ० | ० | ५२ | १९ | २७४३२२३६ | ३१२६८३ | १९२७२२६७ | ७८४७२८६ | ० | ० | २७११९५५३ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| म्याग्दी | १३४००१००० | ० | ३२१०९५५ | १३०७९००४५ | ० | २७४३२२३६ | १५८२२२२८१ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | २४.४ | आन्तरिक आय - | १०,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | २०७९/८० | २०.४ | अभिलेख तथा सफ्टवेयर खरिद- | १,५०,००० |
| ३ | २०७८/७९ | २९ | पेश्की बाँकी | १३,७५,००० |
| ४ | २०७७/७८ | २१ | पदाधिकारी सुविधा | १६,७५,९५५ |
| जम्मा | | | | ३२,१०,९५५ |

# (८०४४४४०१३०० - बेनी नगरपालिका, म्याग्दी )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल ७६.२५ वर्ग किलोमिटर तथा ३२६९७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२४ देखि २०८१।५।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको प्राप्ति तथा भुक्तानीको जम्मा रु.९१,०८,४०,८९०/९४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रकम असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | मृत्यु पश्चात बाँकी रकम प्राइम बैंकबाट तथा लगत कट्टा पछिको रकम फिर्ता भएको | ९७६५ |
| २ | बालमन्दिर मा.वि.लाई शिक्षक तलब भत्तामा बढी निकासा भएको फिर्ता दाखिला | ८१२४३ |
| ३ | पौलतस्य मा.वि.लाई शिक्षक तलब भत्तामा बढी निकासा भएको फिर्ता दाखिला | ७९९१० |
| ४ | स्वास्थ्यतर्फ बढी तलबभत्ता निकासा भएको फिर्ता दाखिला भएको | २४७५० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **एकीकृत आर्थिक विवरणः**

कार्यालयले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरण देहाय अनुसार रहेको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६४८१७०००.६३ | १ | चालु खर्च | ४८८९५३३५५.४३ | |
| | क. नगद | | | २ | पूँजीगत खर्च | १५९५३३७९४.५२ | |
| | ख. बैंक | | ६४८१७०००.६३ | ३ | वित्तीय व्यवस्था भुक्तानी | ०.०० | |
| २ | राजस्व (आन्तरिक आय) | | १४८९८९८०९.९० | | क. ऋण भुक्तानी | ०.०० | |
| | क. आन्तरिक राजस्व | | ३५६७५१५७.१७ | | ख. ब्याज भुक्तानी | ०.०० | |
| | ख. राजस्व बाँडफाँड | | ११३३१४६५२.७३ | | ग. अन्य भुक्तानी | ०.०० | |
| | ग. अन्य आय | | ०.०० | ४ | लगानी | ०.०० | |
| ३ | वित्तीय् हस्तान्तरण संघ | | ४९८२५५३००.०० | | ऋण लगानी | ०.०० | |
| | क. वित्तीय समानीकरण अनुदान | | १११०४२०००.०० | | शेयर लगानी | ०.०० | |
| | ख. सशर्त अनुदान | | ३६७५९५०००.०० | | अन्य लगानी | ०.०० | |
| | ग. समपूरक अनुदान | | ४४७००२१.०० | ५ | धरौटी फिर्ता | ४२२१६३४.८६ | |
| | घ. विशेष अनुदान | | १५१४८२७९.०० | ६ | जनश्रमदान फिर्ता | ०.०० | |
| ४ | प्रदेश सरकारबाट प्रास अनुदान | | २०६६४७५०.०० | ७ | कोष फिर्ता | २५२६८३५५.४३ | |
| | क. वित्तीय समानीकरण अनुदान | | १२०२७७५०.०० | ८ | मौज्दात | | |
| | ख. सशर्त अनुदान | | ५००००००.०० | | क. बैंक मौज्दात | ३१११४८९५.१७ | |
| | ग. समपुरक अनुदान | | ३६३७०००.०० | | ख. नगद मौज्दात | | |
| | घ. विशेष अनुदान | | ०.०० | ९ | शसर्त अनुदान फिर्ता | २६०२११५६.३० | |
| ५ | अन्तर स्थानीय तहबाट प्रास | | ०.०० | १० | गत बर्षको बढी अल्या | | |
| ६ | अन्य | | ७९०४४८७.७५ | ११ | जनश्रमदान मौज्दात | | |
| | क. क्षेत्रीय शहरी विकास योजना | | ०.०० | १२ | धरौटी मौज्दात | ८१९२९३८.९१ | |
| | ख. सडक बोर्ड नेपाल | | ६४४८७५२.०० | १३ | कोष खाताको मौज्दात | १४८१४९९३.३२ | |
| | ग. पर्यटन बोर्ड नेपाल | | १४५५७३५.७५ | | | | |
| | घ. एन एन एस डब्लु ए | | ०.०० | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | १३२९६०२२.६६ | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्रास | | | | | | |
| १० | धरौटी आय | | ४१९३७५३.०० | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | ०.०० | | | | |
| १२ | अन्य विविध आय | | ०.०० | | | | |
| | जम्मा | | ७५८१२११२३.९४ | | जम्मा | ७५८१२११२३.९४ | |

पुनश्च :वित्तीय विवरणमा समावेश नभएका कारोबारहरु

| सि.नं | खर्च शिर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | गरिवसंग विश्वेश्वर | ४१५००० | ४०८८५० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १५४७४६९२० | १५२३१०९१७ |
| | पर्यटन पूर्वाधार विकास आयोजना | १३३२८६० | ० |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १७३०००० | ० |
| | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २००००० | ० |
| | जम्मा | १५८४२४७८० | १५२७९७६७ |

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

४ **वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५,२३,१०,९१७/- र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.४,०८,८५०/- गरी जम्मा रु. १५,२७,१९,७६७/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

५ **खर्च विश्लेषण:**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३,५९,०२,५७३/- राजस्व बाँडफाँड र अनुदानबाट रु.६०,६२,१३,५४६/- समेत रु.६४,२१,१६,१२०/- आम्दानी भएकोमा चालु तर्फ रु.४८,८९,५३,३५५/- र पूँजिगत तर्फ रु.१५,९५,३३,७९४/- समेत रु.६४,८४,८७,१४९/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.५३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा

रु.१,३४,९५,५५६/- खर्च भएको छ जुन आन्तरिक आयको ३७.५९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.३९ प्रतिशत चालु र २४.६० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ **त्रैमासिक पूँजीगत खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको त्रैमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन ।

| बजेट उपशिर्षक | कुल खर्च (रु हजार) | त्रैमासिक खर्च(रु हजार) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५९५३३ | ११९२८ | २४७३४ | ४३५३९ | ८०१३५ | ४७९१५ |
| प्रतिशत | १०० | ६.९७ | १५.५० | २७.२९ | ५०.२३ | ३०.०३ |

कार्यालयको पूँजिगतखर्च विश्लेषण गर्दा प्रथम त्रैमासिकमा ६.९७ प्रतिशत, दोस्रो त्रैमासिकमा १५.५० प्रतिशत, तेस्रो त्रैमासिकमा २७.२९ प्रतिशत, चौथो त्रैमासिकमा ५०.२३ प्रतिशत र असार महिनामा ३०.०३ प्रतिशत खर्च भएको देखियो । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै चौमासिक खर्चको प्रगत विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

७ **सेवाप्रवाह-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले उपलब्ध गराएको सेवा प्रवाह विवरण देहाय अनुसार रहेको छः

| विवरण | निवेदन दर्ता | सिफारिस भएकोसंख्या |
|---|---|---|
| पञ्जिकरणतर्फः | | |
| जन्मदर्ता | ६१७ | ६१७ |
| मृत्युदर्ता | २३४ | २३४ |
| बसाईसराई दर्ता | १०५ | १०५ |
| विवाह दर्ता | ३१२ | ३१२ |
| सम्बन्धविच्छेद दर्ता | ७० | ७० |
| नागरिकता सिफारिष | | |
| स्वीकृत घरनक्सा दर्ता पास | ३० | २३ |
| अन्य | | |

पञ्चिकरण वाहेक सेवा प्रवाहको विवरण प्राप्त हुन नआएकोले पालिकाबाट प्रवाह हुने सबै प्रकारको सेवाको विवरण अद्यावधिगरी राख्नुपर्दछ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

९ **योजना प्राथमिकीकरण-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २८८ योजनामा वजेट विनियोजन गरेको छ।

| रु १ लाख सम्म | रु १ लाख देखि२ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-२० लाख सम्म | २०देखि ५०लाख सम्मका | ५० लाख भन्दा माथिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २५ | ९४ | १४२ | १३ | ४ | ४ | ६ | २८८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१० **अबण्डा बजेट-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ४०,००,०००/- अबण्डाको रुपमा विपद व्यवस्थापन बजेट व्यवस्था गरी रु. ४०,००,०००/- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च (रु.हजार) |
|---|---|---|
| १ | पालिकाले हरेक वडा (१० वटै) मा रु. ४,००,०००।– दरले विपद् व्यवस्थापन शीर्शकमा बजेट विनियोजन गरेको छ । | ४००० |

११ **बजेट पेश, पारित र अख्तियारी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय

अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०/३/७ मा रु.७० करोड ८९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/३/७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/३/१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.६१ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ३.८६ प्रतिशत विनियोजन रहेको छ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ३१२८५४७५. | २५७८१५३२. | ३.९८ |
| २ | सामाजिकविकास | ४०७०९२४२२. | ३८००५३४०३.३२ | ५८.६१ |
| ३ | पूर्वाधारविकास | १३०१०४५२५. | १०९००२९७५.६४ | १६.८१ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | २८५८४८००. | २५०६०००९. | ३.८६ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १३६१६५४३५. | १०८५८९२२९.९९ | १६.७५ |
| कुल जम्मा | | ७३३२३२६५७. | ६४८४८७१४९.९५ | १००. |

१३ **बजेट कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१४ **विविध खर्च-**

१४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१४.२ स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

## १५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरेको देखिएन । पालिकाको शुरुको दरबन्दी विवरण अनुसार ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, असिसटेन्ट सव इन्जिनियर, प्रशासन सहायक पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

## १६ शिक्षक दरवन्दी र पदपूर्ति-

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| पालिकामा रहेका विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| ५५ | ३५३ | ३५३ | ० | २२३६६ |

## १७ तलवी प्रतिवेदन-

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३१ कर्मचारीको रु.२,३१,१८,२२४/- र पालिकाका ५५ कर्मचारीको रु. २,७७,३३,०००/- समेत रु.५,०८,५१,२२४/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १८ कानून र सञ्चालन स्थिति-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, ३७ कार्यविधि ३ वटा निर्देशिका ४ वटा मापदण्ड लगायत ६६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

## १९ कर्मचारी व्यवस्था-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १८,०५,९६०/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| पद | नियुक्ति संख्या | वार्षिक तलव भत्ता रु. |
|---|---|---|
| सव इन्जिनियर | ४ | १८०५९६० |

## २० आर्थिक सहायता-

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ७४ जना व्यक्ति तथा संस्थारुहरुलाई रु.११,८३,९५०/- आर्थिक सहायता वितरण गरेको छ

। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३,५७,९८,९२३/- को ३.३० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२१ **विविध खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ वडा तर्फ रु.२७,००,०००/- र पालिका तर्फ रु.१८,००,०००/- जम्मा रु. ४५,००,०००/- खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३,५७,९८,९२३/- को १२.५७ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२२ **न्यायिक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १२ र यो वर्ष थप भएको १८ गरी कुल ३० विवाद दर्ता भएकोमा यस वर्ष २४ विवाद फस्र्यौट भइ ६ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२३ **बेरुजु लगतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०८०।८१ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएकोमा सोको प्रतिवेदन लेखापरीक्षण अवधिमाको अन्तमा प्राप्त भएकोले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका व्यहोराको विश्लेषण गर्न सकिएन । अतः आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु कार्यालयले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२५ **आय अनुमान तथा असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३,१३,३०,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३,५९,०२,५७३/- अर्थात अनुमान भन्दा ११४.५९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
|---|---|---|---|
| ११३१३ | सम्पती कर | ६५०००००. | ३६११४७५.२५ |
| ११३१४ | भुमिकर/मालपोत | ० | २१९४५९८.५ |
| ११३१७ | वहाल कर | ५५०००००. | ५५९८२०५.९४ |
| ११३१८ | वहाल विटौरी कर | २९०००००. | ३९३२९५९. |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | १०००००. | ८०,०००.०० |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | १२०५१०. |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २५,०००.०० | ० |
| ११६९१ | अन्य कर | १२०००००. | २७२५३५. |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ११२००००. | १०५४६४७. |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ३००. |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | १४,३९०.०० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १००००००. | १३,०५०.०० |
| १४२२१ | न्यायिक दस्तूर | १०,०००.०० | ६,८५०.०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १०००००. | ७८५६००. |
| १४२२४ | परीक्षा शुल्क | ७५,०००.०० | ४,१००.०० |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ० | १,२००.०० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३०००००. | ४८६३५०. |
| १४२४२ | नक्सापास दस्तुर | ७०००००. | २२१८९१.२८ |
| १४२४३ | सिफारिश दस्तुर | ४५०००००. | ५५२१५४७. |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४०००००. | ६४८२५०. |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २०००००. | २३५२५०. |
| १४२४९ | अन्य दस्तुर | ३०००००. | ० |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०००००. | १७,४००.०० |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ११८३८६५. |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३०००००. | २४२१३२. |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | ३५०००००. | ३७६३९१५. |
| १४५२९ | अन्य राजस्व | ० | १६५८९१५.८ |
| १४६११ | व्यवसाय कर | २५०००००. | २४३३२५०. |
| १५१११ | बेरूजू | ० | १७६३३८७. |
| १५११२ | निकासा फिर्ता | ० | ३६,०००.०० |
| | | | |

| | | |
|---|---|---|
| जम्मा | ३१३३००००. | ३५९०२५७३.७७ |

२६ **करदाता अभिलेखः**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले उठ्नुपर्ने र उठेको राजश्वको अभिलेख अद्यावधिक राखेको देखिएन । कार्यालयले व्यवसाय कर, बहाल कर लगायतका करदाताको अभिलेख नराख्दा असुल भएको राजश्व वास्तविक हो भन्ने आधार नहुने भएकोले उठ्नु पर्ने र उठेको रकमको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

२७ **साझेदारीमा कर असुलीः**

बेनी नगरपालिकाको व्यवसाय कर सार्वजनिक निजी साझेदारीको सिद्धान्त बमोजिम उठाउने विषयमा नगरपालिका र उद्योग वाणिज्य संघ, म्याग्दी बीच २०८१ असार मसान्त सम्म अवधि रहनेगरी मिति २०७९/३/१९ गते सम्झौता भएको देखियो । बेनी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ देखि हालसम्म उठाउन बाँकी रहेको व्यवसाय कर असुल उपर गर्ने, सरकार र निजी क्षेत्रबीचको सम्बन्ध मजबुत र सहकार्यलाई बढावा दिने, विभिन्न व्यवसायी तथा करदातालाई प्रोत्साहन गर्नुका साथै व्यवसायीहरुलाई प्रोत्साहन तथा व्यवसाय प्रवर्द्धन गर्ने र बेनी नगरपालिकाको आन्तरिक आय अभिवृद्धि गर्ने उद्देश्यले सम्झौता गरेको उल्लेख छ । नगरपालिकाले व्यवसाय करको रसिद उद्योग वाणिज्य संघले नियुक्त गरेको कर्मचारीलाई उपलब्ध गराउने तथा उक्त कर्मचारीले असुलगरेको कर रकमको विवरण तथा दाखिला विवरण नगरपालिकालाई उपलब्ध गराउने र प्रत्येक चौमासिकसम्म असुल भएको रकमको ३५ प्रतिशत रकम सार्वजनिक निजी साझेदारी विकास कोषमा जम्मा गर्ने शर्त सम्झौतामा उल्लेख भएको देखियो । नगरपालिकाले उपलब्ध गराएको राजश्व असुली विवरण अनुसार यस वर्ष व्यवसाय कर वापत रु.२४,३३,२५०/- असुल भएको देखियो । नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत र म्याग्दी उद्योग वाणिज्य संघको अध्यक्षको संयुक्त दस्तखतमा चल्न् सार्वजनिक निजी साझेदारी विकास कोषमा रु.८,१६,६२८/- दाखिला गरेकोमा कोषको खर्चको लेखा र लेखापरीक्षण सम्बन्धि व्यवस्था सम्झौतामा उल्लेख भएको देखिएन । नगर कार्यपालिकाको मिति २०७९/३/७ गतेको निर्णय अनुसार उद्योग वाणिज्य संघसँग सम्झौता गरेको तथा उक्त निर्णयलाई ११औं नगर सभाले अनुमोदन समेत गरेकोमा व्यवसाय कर साझेदारिमा उठाउन मिल्ने कानुनी आधार उल्लेख गरेको देखिएन । नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने व्यवसाय कर सम्बन्धमा कर दाताको अभिलेख समेत नराखि उद्योग वाणिज्यसंघलाई असुलीको जिम्मा दिएको साथै यसरी साझेदारीमा कर असुलगर्दा व्यवसायकरमा भएको वृद्धि समेत यकिन नगरी उठाएको व्यवसायकरको ३५ प्रतिशत साझेदारीकोषमा दाखिलागरी खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,१६,६२८ |

२८ **अनुगमन भत्ता:**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा ८(५) मा सरकारी कामको सिलसिलामा अनुगमन तथा भ्रमण जादा कामसंग सम्बन्धित तीनजना भन्दा बढी व्यक्ति जान पाइने छैन र अनुगमन भ्रमणबाट फर्केपछि अनुगमन प्रतिवेदन पेश गरेमा मात्र अनुगमन खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रममा अनुगमन गरेको भनि एउटै कार्यक्रममा तीन जना भन्दा बढी व्यक्तिहरुलाई अनुगमन भत्ता भुक्तानी गरी खर्च लेखेको देखियो । पालिकाले खर्च मितव्ययिता मापदण्ड अनुसार कामसंग सम्बन्धित बढीमा ३ जनालाई अनुगमन भत्ता भुक्तानी गर्नुपर्दछ ।

२९ **पाठ्यपुस्तक अनुदान:**

स्थानीय तथा प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ को उपक्रियाकलाप ३.१मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तरगत संचालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा कक्षागत र विषयगत पाठयपुस्तकको संख्या यकिन गर्ने र विद्यालयलाई पाठ्यपुस्तक वितरणका लागि कक्षा १ देखि १०का लागि आर्थिक वर्षको तेस्रो त्रैमासिक भित्र पहिलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नया भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक

अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति १२६।२०८०।१२।१८ मा शैक्षिक सत्र २०८० को IEMIS तथ्याङ्कलाई आधार मानेर कुल ५६ विद्यालयलाई पाठ्यपुस्तक अनुदानतर्फ पहिलो किस्ताबापत रु.२७२०७५४/०० निकासा गरेको देखियो । त्यस्तै गरी पालिकाले गो.भौ.नं।मिति २८२।२०८१।३।२० मार्फत विद्यालयहरुले पेश गरेको पाठ्यपुस्तक खरिदको बिलभरपाई र विद्यार्थीलाई बुझाएको भरपाईलाई आधार मानेर दोस्रो किस्ताबापत रु.८१०५३६ गरी कुल रु.३४३१२९० निकासा दिएकोमा शैक्षिक सत्र २०८१ को नया भर्ना विवरण IEMIS को तथ्याङ्क भन्दा बढी संख्यामा विद्यार्थीहरुलाई पाठ्यपुस्तक अनुदान निकासा गरेको देखियो । पालिकाले विद्यालयहरुले पेश गरेको पाठ्यपुस्तक खरिदको बिल रकम तथा विद्यार्थीले बुझेको भरपाईका आधारमा रकम निकासा गरिएको र शैक्षिक वर्ष २०८१ मा नया IEMIS अपडेट भएको र नया अपडेटेड भर्जनमा विद्यार्थी संख्या फरक परेको जनाएको छ । पालिकाले IEMIS तथ्याङ्कलाई अद्यावधिक गर्नुका साथै पाठ्यपुस्तक खरिद गरि वितरण गरेको विद्यार्थी संख्यालाई सत्यापन गराई सत्यापित विवरणका आधारमा पाठ्यपुस्तकतर्फको खर्च लेख्नुपर्दछ ।

| विद्यालय | कक्षा | IEMIs विस | मूल्य | निकासा हुनुपर्ने कक्षा १-१२ अनिवार्य विषय | कक्षा ९ देखि १२ को ऐच्छिक विषयको रकम | कुल निकासा हुनुपर्ने | कुल निकासा भएको | बढी निकासा |
|---|---|---|---|---|---|---|---|---|
| बालप्रिय शारदा आ.वि. | १ | ६ | ५२०.८ | ३१२४.८ | ० | ३४४८० | ३८५१५ | ४०३५ |
| | २ | ४ | ५५६.८० | २२२७.२ | | | | |
| | ३ | ९ | ५८०.८० | ५२२७.२ | | | | |
| | ४ | ५ | ५९६.२० | २९८१ | | | | |
| | ५ | ७ | ६३३.६० | ४४३५.२ | | | | |
| | ६ | ४ | ७०७.३० | २८२९.२ | | | | |
| | ७ | १० | ७४८.०० | ७४८० | | | | |
| | ८ | ७ | ८८२.२० | ६१७५.४ | | | | |
| | | | जम्मा | ३४४८० | ० | ३४४८० | ३८५१५ | ४०३५ |
| धौलागिरी मा.वि. | १ | ७ | ५२०.८ | ३६४५.६ | ४१३२ | ११४२५४ | ११८२५१ | ३९९६.८ |
| | २ | ५ | ५५६.८० | २७८४ | | | | |
| | ३ | ९ | ५८०.८० | ५२२७.२ | | | | |
| | ४ | १४ | ५९६.२० | ८३४६.८ | | | | |
| | ५ | ८ | ६३३.६० | ५०६८.८ | | | | |
| | ६ | १० | ७०७.३० | ७०७३ | | | | |
| | ७ | २२ | ७४८.०० | १६४५६ | | | | |
| | ८ | २४ | ८८२.२० | २११७२.८ | | | | |
| | ९ | २६ | ७७०.०० | २००२० | | | | |
| | १० | २२ | ९२४.०० | २०३२८ | | | | |
| | | | जम्मा | ११०१२२.२ | ४१३२ | ११४२५४.२ | ११८२५१ | ३९९६.८ |
| जमुना खर्क मा.वि. | १ | ४ | ५२०.८ | २०८३.२ | १९००६ | १५०८५३ | १५९१७२ | ८३१९ |
| | २ | ३ | ५५६.८० | १६७०.४ | | | | |
| | ३ | ६ | ५८०.८० | ३४८४.८ | | | | |
| | ४ | ४ | ५९६.२० | २३८४.८ | | | | |
| | ५ | ९ | ६३३.६० | ५७०२.४ | | | | |
| | ६ | २८ | ७०७.३० | १९८०४.४ | | | | |
| | ७ | २० | ७४८.०० | १४९६० | | | | |
| | ८ | २८ | ८८२.२० | २४७०१.६ | | | | |
| | ९ | १९ | ७७०.०० | १४६३० | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १० | २९ | ९२४.०० | २६७९६ | | | | |
| | ११ | २४ | २६९.२८ | ६४६२.७२ | | | | |
| | १२ | २९ | ३१६.०८ | ९१६६.३२ | | | | |
| | | | जम्मा | १३१८४६.६ | १९००६ | १५०८५२.६ | १५९१७२ | ८३१९.३६ |
| जनकल्याण मा.वि. | १ | ४ | ५२०.८ | २०८३.२ | ० | १३६७९४ | १५८९१६ | २२१२१ |
| | २ | ० | ५५६.८० | ० | | | | |
| | ३ | ५ | ५८०.८० | २९०४ | | | | |
| | ४ | १० | ५९६.२० | ५९६२ | | | | |
| | ५ | १० | ६३३.६० | ६३३६ | | | | |
| | ६ | २८ | ७०७.३० | १९८०४.४ | | | | |
| | ७ | २८ | ७४८.०० | २०९४४ | | | | |
| | ८ | ३० | ८८२.२० | २६४६६ | | | | |
| | ९ | ३१ | ७७०.०० | २३८७० | | | | |
| | १० | २७ | ९२४.०० | २४९४८ | | | | |
| | ११ | ० | २६९.२८ | ० | | | | |
| | १२ | ११ | ३१६.०८ | ३४७६.८८ | | | | |
| | | | जम्मा | १३६७९४.५ | ० | १३६७९४.५ | १५८९१६ | २२१२१.५२ |
| सरस्वती मा.वि. | १ | १३ | ५२०.८ | ६७७०.४ | ८७२० | १४१४२१ | १५१५२२ | १०१०१ |
| | २ | ७ | ५५६.८० | ३८९७.६ | | | | |
| | ३ | ८ | ५८०.८० | ४६४६.४ | | | | |
| | ४ | १७ | ५९६.२० | १०१३५.४ | | | | |
| | ५ | १२ | ६३३.६० | ७६०३.२ | | | | |
| | ६ | २३ | ७०७.३० | १६२६७.९ | | | | |
| | ७ | १७ | ७४८.०० | १२७१६ | | | | |
| | ८ | ३० | ८८२.२० | २६४६६ | | | | |
| | ९ | २५ | ७७०.०० | १९२५० | | | | |
| | १० | २७ | ९२४.०० | २४९४८ | | | | |
| | | | जम्मा | १३२७००.९ | ८७२० | १४१४२०.९ | १५१५२२ | १०१०१.१ |

## ३० दिवा खाजा अनुगमन तथा मूल्याङ्कन

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को कार्यक्रम अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तहले निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा

कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं ५३,१२६,२८२ मार्फत ५५ विद्यालयमा २४४७ विद्यार्थिहरुलाई दिवाखाजाबापत रु.५६४२२४० निकासा गरेको देखियो। पालिकाले विद्यालयले पेश गरेको विद्यालय खुलेको दिन, विद्यार्थीको प्रमाणित हाजिरीका आधारमा ५५ वटा विद्यालयहरुमा दिवाखाजाबापत निकासा गरेकोमा पालिकाले दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ बमोजिम स्थानीय तहले विद्यालयमा दिवा खाजा निर्धारित मापदण्ड तथा गुणस्तर अनुसार भए वा नभएको सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले मापदण्डमा व्यवस्था भएबमोजिम निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

३१ **सेनिटरी प्याड खरिदतर्फ**

३१.१ **स्वीकृत स्पेसिफिकेसन खुलेको:** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ३ को उपदफा ४ संग सम्बन्धित अनुसुची १ मा सेनिटरी प्याड को न्युनतम मापदण्डमा सेनिटरी प्याडको साइज न्युनतम २४०+२० वा २४०-२० एमएम लम्बाइ, ६० देखि ७५ एमएम चौडाई र मोटाई १५+२ वा १५-२ एमएम हुनुपर्ने व्यवस्था छ । पालिकाले विद्युतीय माध्यमद्धारा सिलबन्दी कोटेशन खरिद प्रक्रिया अगाडी बढाएकोमा सारभूत रुपमा प्रभावग्राही एन्जेल टच हाइजिन मेनुफेक्चरिङ प्रा.लि. छनोट भई निजसंग सेनिटरी प्याड प्रति प्याकेट रु.३६.१६ (मू.अ.कर समेत) का दरले ३२००० प्याकेट खरिद गर्ने गरी मिति २०८०।८।१५ मा सम्झौता गरेको देखियो । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं।मिति ६५।०८०।९।१२ मा एन्जेल टच हाइजिन मेनुफेक्चरिङ प्रा.लिको बिल नं २६४।०८०।८१ मार्फत ३२००० सेनिटरी प्याड खरिद गरी ११५७१२० खर्च लेखेको देखियो । पालिकाले सेनिटरी प्याड खरिदका लागि लागत अनुमान तथा स्पेसिफिकेसन तयार गर्दा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधिको न्युनतम मापदण्ड हुने गरी सेनिटरी प्याडको साइज न्युनतम २४०+२० वा २४०-२० एमएम लम्बाइ, ६० देखि ७५ एमएम चौडाई र मोटाई १५+२ वा १५-२ एमएम हुनुपर्ने उल्लेख गर्नुपर्नेमा सेनिटरी प्याडको मोटाई तथा चौडाई उल्लेख नगरीकन सेनिटरी प्याडको लम्बाई २८० एमएम मात्रै हुनुपर्ने उल्लेख गरेको देखियो। स्वीकृत सप्लायर्सले २८८ एमएम लम्बाई र ७५ एमएम चौडाईको सेनिटरी प्याड उपलब्ध गराउने गरी खरिद सम्झौता भएको र सप्लायर्सले पेश गरेको मिति २०८०।८।१७ को सेनिटरी प्याडको टेस्ट रिपोर्टमा पनि सप्लायर्सले पालिकालाई उपलब्ध गराएको प्याड २८८ एमएम लम्बाई र ७५ एमएम चौडाइ रहेको व्यहोरा उल्लेख गरेकोमा सेनिटरी प्याडको मोटाई सम्बन्धमा उल्लेख गरेको नदेखिएकोले सेनिटरी प्याडको मोटाई कार्यविधि बमोजिम न्युनतम मापदण्ड अनुसार रहे वा नरहेको सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले सेनिटरी प्याड खरिद गर्दा सेनिटरी प्याड कार्यविधिमा व्यवस्था भएबमोजिम सम्पूर्ण स्पेसिफिकेसनलाई उल्लेख गरी खरिद प्रक्रिया अगाडी बढाउनुपर्दछ ।

३१.२ **सेनेटरी प्याड वितरण:** स्थानीय तथा प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुका लागि नि:शुल्क सेनिटरी प्याड व्यवस्थामा वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ५ को उपदफा १ र २ मा विद्यालयले छात्रा संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले IEMIS तथ्याङ्कसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउन सकिने र दफा ६(४)मा छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा १६वटा सम्म सेनिटरी प्याड उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं।मिति ६५।०८०।९।१२ मार्फत एन्जेल टच हाइजिन मेनुफेक्चरिङ प्रा.लिसंग प्रति प्याकेट रु.३६.१६ (मूल्य अभिवृद्धि कर समेत) का दरले ३२००० प्याकेट (प्रति प्याकेट ८ पिस) खरिद गरी रु.११५७१२० खर्च लेखेको देखियो । पालिकाले सो सेनिटरी प्याडहरु विभिन्न २७ वटा विद्यालयहरुलाई भरपाईमार्फत हस्तान्तरण गरेकोमा विद्यालयहरुले छात्रा संख्याहरुको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय

तहमा माग गरि पठाएको पाइएन । पालिकाले कार्यविधिमा व्यवस्था भएबमोजिम विद्यालयहरुले IEMIS तथ्याङ्कका आधारमा छात्रासंख्या बमोजिम स्थानीय तहमा माग गर्ने र स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने देखिन्छ ।

३१.३ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ६ को उपदफा १ मा विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं।मिति १०७।२०८१।३।१८ मार्फत तिलोत्तमा सर्जिकल सप्लायससंग प्रति प्याकेट रु.३६.१६ (मूल्य अभिवृद्धि कर समेत) का दरले ३२००० प्याकेट (प्रति प्याकेट ८ पिस) खरिद गरी रु.११५७१२० खर्च लेखेको देखियो । पालिकाले खरिद गरिएका सेनिटरी प्याडहरु मध्ये ३०८५५ प्याकेट विभिन्न २७ वटा विद्यालयहरुलाई भरपाईमार्फत हस्तान्तरण गरेकोमा विद्यालयहरुले सो सेनिटरी प्याडहरु कार्यविधिबमोजिम जिन्सी खातामा अभिलेख राखेको देखिएन । प्रारम्भिक प्रतिवेदनमा व्यहोरा औल्याए पश्चाच केहि विद्यालयहरुले कार्यालयबाट प्राप्त प्याड, खर्च र बाँकि परिमाण प्रमाणित गरेर विद्यालयको लेटरप्याडमा उल्लेख गरि पेश गरेको छ । सेनिटरी प्याडहरु विद्यालयको जिन्सी खातामा दाखिला गरी खर्च नजनाउदा अघिल्लो वर्षको अल्या, यस वर्षको प्राप्ति र बाँकि प्याडको संख्या यकिन नहुने भएकोले कार्यविधिबमोजिम सेनिटरी प्याडको जिन्सी दाखिला अभिलेख र खर्च/ वितरणको अभिलेख पालिकाले अनुगमन भिडान गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२ **पोषण कार्यक्रम संचालन कार्ययोजना :**

आर्थिक वर्ष २०८०।८१ मा स्थानीय तहहरुबाट संचालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलाप संचालन सम्बन्धि मार्गदर्शनको पोषण कार्यक्रम अन्तरगत पालिकास्तरीय कार्यक्रमको समीक्षा तथा कार्ययोजना तयारीमा आर्थिक वर्ष २०७९। ८० को पोषण कार्यक्रमको समीक्षा गर्नुपर्ने र चालु आ.व. २०८०।८१ को पोषण कार्यक्रम संचालन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सर्शत चालु गो.भौ.नं।मिति ६७।०८०।९।२३ मा वार्षिक समीक्षा तगा कार्ययोजना तयार कार्यक्रम सम्पन्न गरी रु.४३६०० खर्च लेखेकोमा चालु आ.व. २०८०।८१ को पोषण कार्यक्रम संचालन कार्ययोजना तयार गरेको पाइएन । पालिकाले संघीय स्वास्थ्यसम्बन्धी मार्गदर्शनमा व्यवस्था भएबमोजिम कार्यक्रम संचालन कार्ययोजना तयार पेशभएपछि मात्रै खर्च लेख्नुपर्दछ ।

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नम्सको प्रयोग गर्दा किफायती नम्स प्रयोग गरि सरकारी साधनको मितव्ययी प्रयोग गरिनुपर्छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ संचालन गरिने पदमार्ग मर्मत,मैदान मर्मत लगायतका निर्माण कार्यमा नेपाल सरकारको सडकतर्फको स्वीकृत नम्सको सट्टा डोलिडारको नम्स प्रयोग गरेको पाइयो ।दरविश्लेषणलाई आधार मान्दा सुख्खा ढुंगाको गारो लगाउने कार्यका लागि डोलिडारको भन्दा सडक तथा ब्रिजका लागि स्वीकृत नम्स २०७५ किफायती देखिन्छ ।नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा पालिकाले किफायती नम्स प्रयोग नगरी फरक नम्स प्रयोग गरि स्वीकृत लागत अनुमान एवं कार्यसम्पादन प्रतिवेदन तयार गरि भुक्तानी गरेबाट पालिकालाई थप व्ययभार परेको देखिन्छ । पालिकाले नेपाल सरकारद्धारा स्वीकृत किफायती नम्सको प्रयोग गर्नेतर्फ जोड दिनुपर्दछ ।

| गो.भौ.नं। मिति | कार्यक्रम | कार्यसम्पन्न | भुक्तानी | कार्य | परिमाण घ.मि. | DOR नम्सअनुसार | DoLIDAR नम्सअनुसार भुक्तानी भएको रु. | बढी व्ययभार |
|---|---|---|---|---|---|---|---|---|
| १३२। ०८०। १२।२६ | तिनमान्य कुवागैरा पदमार्ग निर्माण योजना | २१३३६७ | २११२०० | सुख्खा ढुंगाको गारो | ४५.९९ | ३२४२ | ४०९९ | ३९४१३.४३ |
| १३३। ०८०। १२।२६ | घताना पदमार्ग निर्माण योजना | २५११२४ | २४६४०० | सुख्खा ढुंगाको गारो | ५३.४३ | ३२४२ | ४०९९ | ४५७८९.५१ |
| १३३। ०८०। १२।२६ | विद्योदय आ.वि. देखि भिरटाउको सम्म पदमार्ग निर्माण योजना | १४२४६१ | १४०८०० | सुख्खा ढुंगाको गारो | २८.८१ | ३२४२ | ४०९९ | २४६९०.१७ |
| २८९। ०८१।३। २० | तुसारे उपल्लोथर पदमार्ग मर्मत सम्भार योजना | १९५०५८ | १९५००८ | सुख्खा ढुंगाको गारो | ४२.७४ | ३२४२ | ४०९९ | ३६६२८.१८ |
| २८९। ०८१।३। २० | विरौटा बराहथान गलेश्वर गोरेटोबाटो मर्मत सम्भार योजना | १९७१६१ | १९७१२० | सुख्खा ढुंगाको गारो | ४२.७ | ३२४२ | ४०९९ | ३६५९३.९ |
| २१८। ०८१।३। २ | मुलमोटरबाटो चैताला स्कुल र माईथान बेलचौतारा गोरेटोबाटो मर्मतसम्भार योजना | २१४७८७ | २११२०० | सुख्खा ढुंगाको गारो | ४४.५३ | ३२४२ | ४०९९ | ३८१६२.२१ |

३४ **कृषि भवन विस्तृत परियोजना प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद कार्यका लागि कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ । साथै पालिकाले तयार गरेको कार्यक्षेत्रगत शर्तको खण्ड ६ र ७ मा डेलिभरिज र समयावधिमा परामर्शदाताले सम्झौता भएको १ महिना भित्र ड्राफ्ट रिपोर्ट र ड्राफ्ट रिपोर्ट दिएको १ महिना भित्र अन्तिम रिपोर्ट दिइसक्ने व्यवस्था छ । पालिकाले कृषि भवन निर्माण कार्यका लागि विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यका लागि रु.३९४१९१.६४ (मू.अ.कर समेत) को लागत अनुमान तयार गरी ३ कोटेशन लिई सोझै खरिद प्रक्रियामार्फत मिड पोइन्ट इन्जिनियरिङको कबोल रकम रु.३८०००० स्वीकृत भई मिति २०८०।०७।२१ भित्र विस्तृत परियोजना प्रतिवेदन पेश गर्ने गरी मिति २०८०।५।२२ मा खरिद सम्झौता भएको देखियो । पालिकाले लेखापरीक्षणमा क्रममा पेश गरेको विवरणअनुसार परामर्शदाताले पालिकालाई ड्राफ्ट रिपोर्ट पेश नगरी अन्तिम प्रतिवेदन मात्र पेश गरेको देखियो । परामर्शदाताले मिति २०८१।३।२३ को मितिको रु.३८०००० को बिल बिजक पेश गरेकोमा पालिकाले गो.भौ.नं। मिति ३२३।०८१।३।२४ मार्फत रु.३८०००० भुक्तानी गरेको देखियो । साथै परामर्शदाताले सम्झौताबमोजिमको अन्तिम मिति २०८०।७।२१ मा अन्तिम प्रतिवेदन पेश भई बिल भुक्तानीका लागि निवेदन दिएको देखिएकोमा पालिकाले सो निवेदन दर्ता समेत गरेको नदेखिएकोले सो प्रतिवेदन सम्झौताबमोजिम समयमै प्रतिवेदन पेश भए वा भएन सम्बन्धमा यकिन हुन सकिएन। पालिकाले सम्झौताबमोजिमको समय अवधिभित्र ड्राफ्ट तथा अन्तिम प्रतिवेदन पेश भएपछि मात्रै भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३५ **औषधी खरिद**

सार्वजनिक खरिद अनुगमन कार्यालय(पी.पी.एम.ओ) ले तयार गरेको तथा कार्यालयद्धारा स्वीकृत बिड डकुमेन्टको खण्ड ३ को आइ.टी.बी. १४.१(भी) मा बोलपत्रदाताले बोलपत्रदाता प्रोफाइलमा राखिएको डाटा र कागजात र खरिदकर्ताले छाप लगाइएको क्वाटेसन कागजातमा उपलब्ध गराएको फारम/ढाँचा प्रयोग गरी आफ्नो बोली तयार गर्न सक्ने व्यवस्था छ। साथै बिड डकुमेन्टको

१३.१ मा लेटर अफ बिडमा आपूर्ति गरिने वस्तु तथा सेवाको विवरण, सिल कोटेशनमा प्रस्तावित रकम, सम्झौता मूल्यको ५% रकमको बैंक ग्यारेन्टी जमानत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले औषधी खरिदका लागि रु.१२९१०४७ र सर्जिकल सामाग्रीका लागि रु.४९५३०४(मू.अ.कर समेत) गरी कुल रु.१७८६३६२ को लागत अनुमान तयार गरी मिति २०८०।९।२९ मा ठेक्का नं. बीएम/एसक्यु/जी/१/२०८०।८१ विद्युतीय खरिद प्रणालीमार्फत खरिद प्रक्रिया अगाडी बढाएको देखियो । मिति २०८०।११।८ खोलेको बिड मुचुल्का अनुसार ३ वटा आपूर्तिकर्ताले बिड रिस्पोन्स गरेकोमा एउटा आपूर्तिकर्ताले लेटर अफ बिड पेश गर्दा तोकिएको फर्म र फर्म्याट अनुसार नभरेकोले अस्वीकृत भएको र सिलबन्दि दरभाउपत्रमा कम्तिमा ३ वटा आपूर्तिकर्ता योग्य हुनुपर्ने भएकोले दोस्रो पटक सूचना जारी गर्ने निणर्य अनुसार पुनः मिति २०८०।११।१६ मा ठेक्का नं बीएम/एनसीबी/जी/री/१/०८०।८१ सुचना जारीगरेको र दोस्रोपटको सुचना अनुसार ४ बोलपत्रदाता मध्ये क्यान्डेला मेडि कन्सनले औषधीतर्फ रु.९७४५१३ र सर्जिकल सामाग्रीतर्फ रु.३५६४(मू.अ.कर समेत) गरी कुल रु.९७८०७७ कबोल गरेकोमा लेटर अफ प्राइसबिड तोकिएको फर्म तथा फरमेटमा नभरेकोले मूल्याङ्क प्रकृयामा समावेश नगरी दोस्रो घटी कबोलकर्ता चुनचुन फार्मेसीसँग औषधी रु.८३३६६७ र सर्जिकल सामाग्री रु.३०६७०४.६ (मू.अ.कर समेत) समेत कुल रु.११४०३७१.६ मा खरिद गर्दा पालिकालाई रु.१,६५,८५९/- बढी व्यभार परेको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६५,८५९ |

३६ **भ्रमण अभिलेख पुस्तिका तयार नगरेको:**

भ्रमण अभिलेख प्रयोजनका लागि मलेप फारम नं ९०८ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा भ्रमण आदेश नं, भ्रमण गर्ने कर्मचारीको नाम र पद, भ्रमणमा खटिएको स्थान, भ्रमणमा खटिएको मिति,भ्रमण प्रतिवेदनको संक्षिप्त व्यहोरा आदि खुल्ने गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख पुस्तिका तयार नगरिकन विभिन्न कार्यक्रमहरुमा भ्रमण खर्च लेखेको देखियो । पालिकाले मलेप फारम नं ९०८ भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमण आदेश जारी गरेको मितिअनुसार सिलसिलेवार रुपमा भ्रमण अभिलेख राख्नुपर्दछ ।

३७ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५५ वटा सहकारी संस्था रहेकोमा १२ निस्कृय रहेको र बाँकि ४३ वटा सञ्चालनमा रहेका छन् । पालिकाले सहकारिहरुको अनुगमन गरी तयार पारेको प्रतिवेदन २०८० र लेखापरीक्षणको क्रममा पेश भएको श्रेस्ता अनुसार सहकारी नियमन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्ः

- बचतका शिर्षकहरु विचको अन्तर ३ प्रतिशत भन्दा बढी नहुनेमा १३.७५ प्रतिशत(न्यूनतम २ देखि अधिकतम १५.७५ प्रतिशत) सम्म रहेको,
- बचत र कर्जाको औषत फरक ६ प्रतिशत भन्दा बढि हुन नहुनेमा ८.६७ प्रतिशत रहेको,
- एकै सदस्यलाई पूँजीकोषको १० प्रतिशत भन्दा बढि ऋण लगानी गरेको,
- सहकारी प्रवर्द्धन कोषको रकम सम्बन्धित खातामा नपठाएको,
- एकै सदस्यलाई विना धितो तोकिएको सीमाभन्दा बढी कर्जा दिएको,
- एकै सदस्यलाई एकै शिर्षकमा एक भन्दा बढी ऋण लगानी गरेको,

**कस्तुरी बहुउद्देश्यीय सहकारी संस्था सम्बन्धमा देखिएका थप व्यहोराहरुः**विज्ञ सहितको अनुगमन समितिले मिति २०८०/६/१५ मा सघन अनुगमनगरी दिएको प्रतिवेदनमा निम्न व्यहोरा उल्लेख भएको देखियोः

- संस्थाको कुल बचत रकम रु.५० करोड ३६ लाख २२ र कुल ऋण लगानी रु.५२ करोड ३२ लाख ८२ हजार रहेको,
- कुल ऋण लगानि रकमको ९१.७२ प्रतिशत अर्थात रु.४७ करोड ९९ लाख २९ हजार संस्थाको अध्यक्ष राजेश शाक्य र निजको परिवारले लिएको,
- बाँकि ऋण रकम समेत अध्यक्ष राजेश शाक्यको जमानिमा (धितो वेगर) विभिन्न व्यक्तिलाई लगानि गरेकोले समस्या ग्रहत घोषणागरी कानुनी कारवाही गर्नुपर्ने ।

कस्तुरी बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष तथा निजको परिवारको नाममा रहेको रोक्का जग्गा फुकुवा गर्न सहकारीले अनुरोध गर्ने र सोको आधारमा जग्गा फुकुवाको सिफारिस कार्यालयले गर्ने गरेको देखिएको सम्बन्धमा कार्यालय पदाधिकारीसँग छलफल गर्दा उक्त जग्गा जिल्ला प्रसाशन कार्यालयको अनुरोधमा रोक्का भएको र जिल्ला प्रशासन समेतले फुकुवाकोलागि अनुरोध गरेकोले सहकारीको बचत कर्ता र सहकारीबिच जग्गा लिनेदिने सहमतिको आधारमा केहि कित्ताको सिफारिस गरेको तर हाल उक्त कार्य बन्द गरेको साथै ५० करोड भन्दा बढी बचत भएको सहकारी प्रदेशको क्षेत्राधिकारमा पर्ने भएकोले कारबाहिको प्रकृया समेत प्रदेश तहबाट गर्नुपर्ने जनाएको छ । अतः उपरोक्त सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरी कानून बमोजिम समस्या समाधान गर्नुपर्दछ ।

### ३८ आमा समुहसँग उपमेयर कार्यक्रमः

तबेनी नगरपालिका नगर कार्यपालिकाबाट मिति २०७९/५/२१ मा स्वीकृत आमा समूहसँग उपमेयर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ को नियम ६ मा छनौट तथा अनुगमन समितको व्यवस्था छ साथै नियम ७ मा भुक्तानी र अनुगमन प्रकृया उल्लेख छ । कार्यालयले यस वर्ष आमा समुहसँग उपमेयर कार्यक्रममा रु.२०,००,०००/- विनियोजनगरी रु.१९,२३,११०/- खर्च गरेको देखियो । उद्यमशीलताको माध्यमबाट महिलाहरुको आर्थिक, सामाजिक रुपान्तरण गरी स्वरोजगार सिर्जना गर्ने उद्देश्यले सञ्चालित यस कार्यक्रममा देहायअनुसार २ आमा समुह छनौटभई कार्यक्रम सञ्चालन गरेको देखियो । आमासमुहलाई निम्नानुसार सीप विकास तालिम तथा विभिन्न उपकरण औजार समेत दिएकोमा कार्यक्रम सञ्चालन पश्चातको उपलब्धि तथा हालको अवस्था देखिने अनुगमन मूल्याङ्कन गरेको देखिएन । कार्यक्रममा गरिएको खर्च उद्देश्य अनुरुप भई स्वरोजगार सिर्जना भएको सम्बन्धमा अनुगमन मूल्यकङ्कनगरी अभिलेख तयार गर्नुपर्छ ।

| गो.भौ.नं./ मिति | आमा समुहको नाम | सञ्चालित क्रियाकलापहरु | खर्च रकम |
|---|---|---|---|
| ५६४-०८१/३/१८ | सिद्व बराह आमा समुह, पाल्लेखेत | नौमति बाजा बजाउने तालिम, नौमति बाजा खरिद, कम्बाइन्ड मिल खरिद | ९०००००/- |
| ४९०-०८१/३/१० | वडा स्तरीय मूल आमा समुह वडा नं.२ | केराको रेशा निकाली सेनेटरी प्याड बनाउने, सरफ साबुन बनाउने, गड्यौला मलको पहिचान सम्बन्धि तालिम र बानाना फइवर मेशिन १ सेट तथा सिलाउने मेशिन १ सेट खरिद | ९०००००/- |

### ३९ अनुदानको अनुगमनः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष शिक्षा, कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कनगरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्देश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन हुन सकिएन । वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ । अनुदान सम्बन्धि केहि उदाहरणः

| गो.भौ.नं./ मिति | अनुदानको विवरण | रकम |
|---|---|---|
| २०९-०८०/१०/१६ | कृषि विकास तथा पशु विकास कार्यक्रम अन्तर्गत कुखुराको चल्ला वितरण | १,४४,०००/- |
| २४५-०८०/११/९ र १९०-०८०/१०/३ | ५० प्रतिशत अनुदानमा ५ वटा राँगो वितरण | ३,४५,०००/- |
| २६७-०८०/१२/५ | वडा नं. ३,५,९ र १० का कृषकलाई आलुको बिउ वतरण | ३,६८,२५०/- |
| ३१३- | लघु उद्यमको लागि सपिङ्ग व्याग बनाउने सामाग्रि- १० सेट सिलाइ मेशिन, २० वटा कैचि लगायत वितरण | २,००,०००/- |
| २९८-०८०/१२/२८ | ३ सेट मिनि टिलर र १ वटा थ्रेसर वितरण | २,००,०००/- |
| ५९१-०८१/३/१९ | ७५% अनुदानमा प्लाष्टिक टनेल र ५० प्रतिशत अनुदानमा मिनिटिलर र कुटानी पिसानी मिल वितरण | ८,१९,०००/- |

४० **अन्य निकाय खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कुनै पनि संघ/सस्था आदिलाइ कुनै पनि किसिमको चन्दा, उपहार, पुरस्कार तथा आर्थिक सहायता वितरण गर्न नपाइने व्यवस्था छ । तर छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु.

| भौ.नं./ मिति | संस्थाको नाम | वापत | रकम |
|---|---|---|---|
| ४३-०८०/७/१ | म्याग्दी जेसीज | टेबल कुर्सी खरिद तथा क्षेत्र ख सम्मेलन खर्च | ३५००००/- |
| २७३-०८०/१२/१४ | म्याग्दी उद्योग वाणिज्य संघ अन्तरगतको महिला उद्यम विकास समिति | माघे संक्रान्ति मेला सहयोग | १०००००/- |
| ५७-०८०/०७/३ | नेपाल पत्रकार महासंघ | कार्यालय व्यवस्थापन | २९५४३१/- |
| ६०९-०८१/०३/२० | नेपाल रेडक्रस सोसाइटी | एम्बुलेन्स मर्मत | ३०००००/- |
| | | जम्मा | १०४५४३१/- |
| | | अनियमित भएको | १०,४५,४३१ |

४१ **विपद व्यवस्थापन कार्यक्रमः**

बेनी नगरपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ दफा २ (ग) मा विपदबाट प्रभावित व्यक्तिको परिभाषा उल्लेख छ । पालिकाले यस वर्ष देहायअनुसार विपद व्यवस्थापन कार्यक्रममा बजेट विनियोजनगरी विभिन्न व्यक्तिको माग निवेदन, वडाको सिफारिस तथा नगरपालिका प्रमुखको तोक आदेशमा खानेपानी पाइप, ग्याबिन जालि, त्रिपाल लगायतको सामाग्रि वितरण गरेको देखियो । विपदको लागि कार्यालयले सामाग्रि खरिद नगरि व्यक्तिको माग र तोकको आधारमा सोझै विक्रेतालाई सामाग्रिको परिमाण खुलाई सिफारिस पठाएको र सोहि बमोजिम लाभग्राहिले पसलबाट बुझेको भरपाईको आधारमा विक्रेतालाई भुक्तानी दिएको देखियो । साथै नमुना छनौटको आधारमा केहि भरपाई तथा निवेदन परीक्षण गर्दा व्यक्तिले खानेपानीको मुहान देखि घर सम्म पाइपको आवश्यक परेको, सिंचाइकोलागि पाइपको आवश्यक परेको लगायत विपदबाट प्रभावित व्यक्तिको परिभाषाभित्र नपर्नेलाई समेत पाइप दिएको देखियो । उपरोक्त कार्यविधि बमोजिमको विपद व्यवस्थापन कोष खडा नगरेको, पालिका र वडा तर्फ छुट्टा छुट्टै विपद कार्यक्रम स्वीकृत गरी खर्च गरेको तथा वितरण गरिने सामाग्रि एकमुष्ठ रुपमा खरिद नगरेको देखियो । उपरोक्त कार्यविधिको व्यवस्था बमोजिम विपद व्यवस्थापन कोषमा खडा गरी एकिकृत रुपमा विपद व्यवस्थापन कार्यक्रम संचालन गर्नुपर्दछ । यस वर्ष स्वीकृत कार्यक्रम देहायअनुसार रहेका छनः

| वडा नं./ पालिका | विनियोजन | खर्च |
|---|---|---|
| १ | ५००००० | ४८३३५६ |
| २ | ६००००० | ५३३३६३ |
| ३ | ८००००० | ६९३८०० |
| ४ | ७००००० | ६९८४९३ |
| ५ | १५०००० | १५०००० |
| ६ | ४००००० | ४००००० |
| ७ | ४००००० | ४००००० |
| ८ | ५००००० | ४८६९४० |
| ९ | ४००००० | ४००००० |
| पालिका तर्फ | १५५७४०० | १५५३८०२ |
| विपदसँग मेयर कार्यक्रम | ५००००० | ५००००० |
| जम्मा | ६५०७४०० | ६२९९७५४ |

४२ **स्वास्थ्य विमा कार्यक्रमः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष गरिब तथा विपन्न विमा कार्यक्रममा रु.४,००,०००/- बजेट विनियोजनगरी रु.३,३६,७००/- खर्च गरेको देखिय । अति वपन्न,असहाय, असक्त, र महिला स्वास्थ्य स्वयम सेविकालाई आधारभूत स्वास्थ्य सेवामा सहज पहुँज अभिवृद्धि गर्न यस कार्यक्रमको सञ्चालन गरिने उल्लेखगरी कार्यक्रमको प्रस्ताव स्वीकृत गराएकोमा कार्यक्रम सञ्चालनको कार्यविधि तयार नगरेको र उपरोक्त लक्षित वर्ग छान्ने मापदण्ड समेत रहेको देखिएन । यस कार्यक्रमबाट यस वर्ष निम्नानुसार महिला स्वास्थ्य स्वयम सेविकाको ५० प्रतिशतले रु.१७५०/- को दरले र अन्यको न्यूनतम रु.३५००/- साथै थप परिवार संख्याको दरले लाभग्राहिको स्वास्थ्य विमाको शुल्क भुक्तानि दिएको देखियो । यस प्रकारको कार्यक्रम सञ्चालन गर्नुपूर्व यस कार्यक्रमका लाभग्राहि छनौटको मापदण्ड, सञ्चालन हुने अवधि, खर्च गर्ने रकमको स्रोत लगायतको विषयमा कार्यविधि कानुन स्वीकृत गरेरमात्र खर्च गर्नुपर्दछ ।

| वडा नं. | लाभग्राहि विवरण | संख्या | विमा शुल्क भुक्तानी रकम |
|---|---|---|---|
| १ | म.स्वा.से.-९ अन्य-११ | २० | ५४२५० |
| २ | म.स्वा.से.-९ अन्य-२ | ११ | २२७५० |
| ३ | म.स्वा.से.-९ | ९ | १५७५० |
| ४ | म.स्वा.से.-८ अन्य-२ | १० | २१००० |
| ५ | म.स्वा.से.-९ अन्य-११ | २० | ५४२५० |
| ६ | म.स्वा.से.-६ अन्य-१३ | १९ | ४५५०० |
| ७ | म.स्वा.से.-४ अन्य-५ | ९ | २४५०० |
| ८ | अन्य-१ | १ | ३५०० |
| ९ | म.स्वा.से.-९ अन्य-४ | १३ | २९७५० |
| १० | म.स्वा.से.-९ | ९ | १५७५० |
| | जम्मा | १२१ | ३३६७००/- |

४३ **कार्यविधि वेगर सहायता वितरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय अनुसारको कार्यक्रम स्वीकृतगरी उद्धार, राहत तथा पुनर्स्थापना वापत आर्थिक सहयोग वितरण गरेकोमा सोको मापदण्ड तथा निर्देशिका स्वीकृत गरेको देखिएन । स्पष्ट कार्यविधि तथा मापदण्ड नहुँदा आर्थिक सहयोग पाउने लाभग्राहिको छनौट, भुक्तानि दिनमिल्ने आधार र रकमका साथै सोको सदुपयोग सम्बन्धि अनुगमन मूल्याङ्कन गर्न अस्पष्टता हुने भएकोले मापदण्ड, कार्यविधि तथा निर्देशिका स्वीकृत गरेरमात्र आर्थिक सहयोग वितरण गर्नुपर्दछ ।

| सि.नं. | कार्यक्रम | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | वडा नं.८ बालबालिका, दलित, अपाङ्ग,महिला,जेष्ठ नागरिक,युवा तथा लक्षित वर्ग कार्यक्रम | दशैको अवसरमा २० जनालाई २५ के.जी. चामल, १ के.जी. १ दाल, ३ के. जी. आलु, २.५ ली. तेल र नगद १०००/- वितरण गरेको | १०५६८४/- |
| २ | वडा नं.७ बालबालिका, दलित, अपाङ्ग,महिला,जेष्ठ नागरिक,युवा तथा लक्षित वर्ग कार्यक्रम | दशैको अवसरमा २० जनालाई २५ के.जी. चामल, १ के.जी. १ दाल, ३ के. जी. आलु, २.५ ली. तेल र नगद १०००/- वितरण गरेको | १५००००/- |
| ३ | विपन्न सुत्केरी पोषण पिठो तथा बच्चको कपडा सहयोग कार्यक्रम वडा नं.६ | बेबि प्याकेज, हर्लिक्स, पोषण पिठो लगायत वितरण गरेको | २०००००/- |
| ४ | मेला पर्व, सामाजिक तथा साँस्कृतिक विवध सहयोग कार्यक्रम | युवा क्लब, मन्दिर पुजा समिति, जेष्ठ नागरिक समितिलाई विविध कार्यमा सहयोग | २५००००/- |
| | | जम्मा | ७०५६८४/- |

४४ **उपभोक्ता समितिः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले यो वर्ष २८१ उपभोक्ता समितिमार्फत निर्माणकार्य गराई रु.८,८४,०४,७५३/- भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट संचालन गरिएका कार्यको

गुणस्तर परीक्षण नहुने, निर्माण कार्यमा प्रतिस्पर्धा नहुने भएकोले गुणस्तरीयता र दिगोपनामा अभिवृद्धि हुने देखिदैन । कार्यालयले प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउन ध्यान दिनुपर्दछ ।

४५ **उपभोक्ता मार्फत खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । वडा नं. ३ को पशु विकास र कृषि विकास कार्यक्रम अन्तर्गत वितरण गरिने सामाग्रि कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधि मार्फत खरिदगरी कृषकहरुलाई वितरण गर्नुपर्ने कृषि विकास कार्यक्रम उपभोक्ता समिति,वडा नं.३ गठनगरी निम्नानुसार सामाग्रि खरिद तथा वितरणको विलभरपाई संलग्न राखि उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो । सामाग्रि खरिदको कार्य उपभोक्ता समितिमार्फत गर्न मिल्ने कानुनी व्यवस्था नभएकोले उपभोक्ता मार्फत खरिदगरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं./ मिति | खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|
| ४७०-०८१/२/३२ | HDPE पाइप, मौरिको घार, नेपाटप ट्याङ्की, मिनिटिलर, टनेल र अलैचीको विरुवा | ८९९०००/- |
| | अनियमित भएको | ८,९९,००० |

४६ **लागत सहभागिताः**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४७ **स्थायी लेखानम्बरः**

सार्वजिनक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोक्ता समित वा लाभग्राही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।

४८ **उपभोक्ता समितिमार्फत निर्माणः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले निम्नानुसार पिच सडक, वडा कार्यालय तथा स्वास्थ्य कार्यालय निर्माण र व्यवस्थापनको कार्य गर्न उपभोक्ता समिति गठन गरी कार्यगराई भुक्तानी दिएको देखियो। उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने कार्यालयको संरचना तथा जटिल प्रकृतिको सडक पिच गर्नेकार्य उपभोक्ता समिति मार्फत गराई दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

| भौ. नं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १९-२०८०/६/३० | स्वस्थ्य चौकी भवन निर्माण उ.स. | भकिम्ली स्वास्थ्य चौकी निर्माण, वडा नं.३ | २५३४०४५.७९ | |
| १०२-२०८०/१०/१७ | वडा कार्यालय कोठा थप उ.स. | वडा नं.७ को कार्यालय कोठा थप | १३९१९५० | |
| २९-२०८०/७/२ र ३९-०८०/७/१७ | अस्पतालचोक देखि संगमचोक कालोपत्रे उ.स. | सडक कालोपत्रे कार्य | २८१२९०० | उत्तरगंगा निर्माण सेवाको विल संलग्न । |
| ३४६-२०८१/३/२४ | वडा नं.६ वडा कार्यालय व्यवस्थापन उ.स. | वडा कार्यालयमा तला थप | २८३१८३६.५१ | |
| २२५-०८१/२/३ | वडा कार्यालय घेरावारा र बैठक कक्ष व्यवस्थापन उ.स. | वडा नं.९ वाल निर्माण र बैठक कक्ष निर्माण | ९७०००० | |
| | | जम्मा | १०५४०७३२.३० | |

| | |
|---|---|
| अनियमित भएको | १,०५,४०,७३२.३ |

४९ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले भवन तथा नाला निर्माण सम्बन्धि कार्यमा शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोगगरी लागत अनुमान तयार गरी कार्य गराएको देखियो । देहायका निर्माण कार्यमा pcc 1:1.5:3 को दर बढी राखि उपभोक्ता समितिमार्फत कार्य गराई बढी भुक्तानी दिएको देखियो । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं./ मिति | उपभोक्ता समितिको नाम | परिमाण | दिनुपर्ने दर | दिएको दर | बढी दर | रकम |
|---|---|---|---|---|---|---|
| ३३५-०८१/३/२३ | स्वास्थ्य चौकी भवन निर्माण उ.स. वडा नं.३ | ३२.०३ | १३७५८.३१ | १६९४७.१६ | ३१८८.८५ | १०२१३८.८६ |
| १०२-०८०/१०/१७ | वडा कार्यालय कोठा थप उ.स. वडा नं.७ | ७.४५ | १३७५८.३१ | १६९४७.१६ | ३१८८.८५ | २३७५६.९३ |
| ३४६-०८१/३/२४ | वडा नं.६ कार्यालय व्यवस्थापन उ.स. | ३८.३८ | १३७५८.३१ | १६९४७.१६ | ३१८८.८५ | १२२३८८.०६ |
| ३४२-०८१/३/२४ | | ११.१९ | १३७५८.३१ | १६९४७.१६ | ३१८८.८५ | ३५६८३.२३ |
| | | | | | जम्मा | २८३९६६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८३,९६७.०८ |

५० **ननफाइलरः**

मूल्य अभिवृध्दि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारणगरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यका निर्माण व्यवसायीहरुलाई लाई निम्नानुसार मूल्य अभिवृध्दि कर भुक्तानी दिएकोमा आन्तरीक राजस्व विभागको वेवसाइटमा खोजि गर्दा उक्त व्यवसायी देहाय अनुसार मूल्य अभिवृध्दि कर नन फाइलर रहेको देखियो । निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृध्दि करको मूल्य अभिवृध्दि कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ. नं./ मिति | निर्माण व्यवसायिको नाम | पान नं. | विजक नं. र मिति | मू.अ. कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ७-०८०/७/२१ | हिमालयन- खुशीहोम जे.भी. | ६१८२४२४१४ | १-२०८०/७/२ | २२९०४५.९६ | Non filer since 2080/T/2 |
| २१-०८१/११/१ | हिमालयन- खुशीहोम जे.भी. | ६१८२४२४१४ | २-२०८०/९/२६ | १५२५२७.६० | Non filer since 2080/T/2 |
| २३-०८०/६/३० | राजेश बाबु निर्माण सेवा | ६१७७५८३५६ | १-०८०/६/२९ | ५६६२८९.३१ | Non filer since 2080/T/1 |
| | | | जम्मा | ९४७८६२/- | |

| प्रमाण पेश नगरेको | ९,४७,८६२.८७ |
|---|---|

५१ **कोल्ड स्टोर सञ्चालनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकित गरी खर्च गर्नुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार सिंगा कोल्ड स्टोर निर्माण कार्यकोलागि संघीय सरकारको रु.७० लाख, प्रदेश सरकारको रु.५० लाख र स्थानीय तहको रु.७० समेत रु.१ करोड ९० लाख बजेट विनियोजनभई सोही वर्ष ठेक्का प्रकृया मार्फत निर्माण कार्यकोलागि निर्माण व्यवसायि राजेश बाबु निर्माण सेवासँग रु.१,५१,२०,७३८/६० मा मिति २०८०/३/२५ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो । निर्माण स्थलमा मेशिनरी समयमा आइनपुगेकोले मिति २०८०/३/२४ को कार्यपालिका निर्णयले २०८० असोज मसान्तसम्म म्याद थप गरेको र सोही म्यादभित्र कार्य सम्पन्न भई कोल्ड स्टोर सञ्चालनमा रहेको देखियो । कुल ३० टन क्षमताको कोल्ड स्टोर निर्माण सम्पन्न मिति २०८०/६/३० मा भएको र सञ्चालनमा समेत आइसकेकोमा हाल सम्म उक्त कोल्ड स्टोर संचालन सम्बन्धि कार्यविधि तयार गरेको देखिएन । मिति २०८१/५/२८ मा उक्त कोल्ड स्टोरको स्थलगत अनुगमन गर्दा ५० के.जी.को २७० बोरा आलु स्टोरभित्र राखेको देखियो। कोल्ड स्टोर सञ्चालको कार्यविधि नबनेको, स्टोर सञ्चालनको लागि प्राविधिक कर्मचारी नराखेको, स्टोरभित्र राखिने कृषि उपजको शुल्क समेत निर्धारण नभएकोले सञ्चालन सम्बन्धि कार्यविधि तयार गरि कोल्ट स्टोर सञ्चालनको आय व्यय समेत व्यवस्थित गर्नुपर्दछ ।

५२ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी दश लाख रुपैया भन्दा बढीको लागत अनुमान भएको मालसामान एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले नियमावलीमा तोकिएको सिमा भन्दा निम्नानुसार बढी रकमको मालसामान एकै फर्मबाट खरिद गरेको देखियो । नियमावलीको सिमा भन्दा बढी रकमको खरिद एकै फर्मबाटगरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

| सि.नं. | फर्मको नाम | खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ॐ श्रीकृष्ण हार्डवेयर एण्ड जनरल सप्लायर्स बेनी | विपदमा वितरण गर्ने सामाग्रि पाइप, ग्याविन लगायत | २५५७५२०/- |
| २ | शुभलक्ष्मी हार्डवेयर बेनी | विपदमा वितरण गर्ने सामाग्रि पाइप, ग्याविन लगायत | १३४४६६०/- |
| ३ | ज्योति एग्रो सप्लायर्स बेनी | कृषि सामाग्रि लगायत | १९०२४३७/- |
| | | जम्मा | ५८०४६१७/- |

| अनियमित भएको | ५८,०४,६१७ |
|---|---|

५३ **डि.पि.आर तथा परामर्शः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | २०८०।८१ मा विनियोजन रकम |
|---|---|---|---|---|---|
| Preparation of Detailed Preliminary Engineering Report with Design and Drawing of Civil Engineering Projects | Green Design Solution Pvt.Ltd, Kathmandu | 1,666,144.77 | 1,561,660.00 | 228,765,087.77 | 1,666,144.77 |
| Preparation of Detailed Engineering Survey, Design and Report Preparation of Beni Municipality Strategic Roads | Delta Engineering Pvt.Ltd, Beni, Myagdi | 1,991,485.60 | 1,911,960.00 | 1,047,606,624.99 | 1,991,485.60 |
| Preparation of Detailed Project Report of Glass View Deck and Swing for Tourism Development at Lovely Hill | Magnet Engineering Pvt.Ltd., Kathmandu | 500,000.00 | 449,740.00 | | 500,000.00 |
| Preparation of Detailed Project Report of Ram Shila Smarak Sthal | Sprial Grid Solution Pvt.Ltd. Kathmandu | 499,996.75 | 497,755.00 | 208,746,001.57 | 499,996.75 |
| Kalipul Krishi Bhawan DPR | Mid Point Engineering Consultancy, Bharatpur | 394,191.64 | 380,000.00 | 20,292,683.51 | 394,191.64 |
| | जम्मा | 5,051,818.76 | 4,801,115.00 | 229,038,685.08 | 5,051,818.76 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

५४ **कार्य सम्पन्न प्रतिवेदनः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८०/५/५ गते स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को कृयाकलाप नं.११.१.२.२५०० मा केन्द्रबाट छनौट भएका नमुना विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान कार्यान्वयन सम्बन्धि प्रकृया उल्लेख गरिएको छ । उल्लेखित प्रकृया अनुसार विद्यालयले आषाढ १५ सम्ममा कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ । पालका अन्तर्गतको श्री जामुनाखर्क माध्यमिक विद्यालयको प्रशासनिक, लाइब्रेरी तथा ल्याब भवन निर्माणकार्यको लागि एक निर्माण व्यवसायिसँग मूल्य अभिवृद्धि कर समेत रु.६८,९९,४२२/८७ को सम्झौता गरेको आधारमा मोविलाइजेशन पेश्की वापत निर्माण व्यवसायीलाई रु.१३,७०,०००/- र बाँकि रु.५५,२९,४२२/८७ विद्यालयको खातामा निकासा दिएर उक्त खाता रोक्का राखेको देखियो । निर्माण व्यवसायिले समयमा काम नगरेको तथा आर्थिक वर्षको अन्तमा संघिय सशर्त तर्फको खर्च नभई बाँकि रहेको रकम फिर्ता गर्नुपर्ने भएकोले विद्यालयको खातामा निकासा दिई रोक्का राखेको कार्यालयको भनाई रहेको छ । लेखापरीक्षणको क्रममा उक्त निर्माण कार्यको स्थलगत अनुगमनगर्दा पहिलो ढलान समेत भएको देखिएन । नियमानुसार आषाढ १५ भित्र सम्पन्न गर्नुपर्ने कार्य लेखापरीक्षण अवधिसम्म समेत नभएकोले उक्त निर्माण कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,९९,४२२.८७ |

५५ **सफ्टवेयर सञ्चालन खर्चः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेकर खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले विगत वर्षमा खरिद गरेको देहायका सफ्टवेयरको वार्षिक सञ्चालान शुल्क वापत निम्नानुसार रकम भुक्तानी दिएको देखियो । उक्त सफ्टवेयर खरिदगर्दा नियमानुसार सुचना

प्रविधि विभाग स्वीकृत नलिएको साथै कर असुली सम्बन्धिकार्य समेत SuTra प्रणालिमा आवद्ध भई सकेकोले कर प्रणालि सम्बन्धि सफ्टवेयर सञ्चालन गर्नुपर्ने आवश्यक देखिदैन ।

| गो.भौ.नं./ मिति | प्रणालीको नाम | वार्षिक सञ्चालन खर्च भुक्तानी |
|---|---|---|
| ४१८-०८१/२/२३ | एकिकृत कर संकलन प्रणाली | ५००००/- |
| ३४६-०८१/१/३१ | SEV-IMS | ५६५००/- |

५६ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धि व्यवस्था छ । कार्यालयले निर्माण कार्यको लागत अनुमानमा ३ प्रतिशत कन्टिन्जेन्सी राखेकोमा सो खर्च गर्ने सम्बन्धि मापदण्ड बनाएको साथै कन्टिन्जेन्सि खर्च को अभिलेख समेत राखेको देखिएन । छुटै अभिलेख नहुँदा कन्टिन्जेन्सि खर्च तोकिएको सीमाभित्र भए नभएको यकिन गर्न सकिएन । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धि निर्देशिका/ मापदण्ड बनाई कन्टिन्जेन्सी खर्चको अभिलेख छुटै राख्नुपर्दछ ।

५७ **सामाजिक सुरक्षा तर्फः**

५७.१ **सामाजिक सुरक्षा भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले ५ बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाबाट तयार गरेको फरवार्ड/रिभर्स फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, दलित बालबालिका बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

| लाभान्वित वर्ग | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | २२५८ | २६९२२०६८ | २२८८ | २७२०२६२७ | २३०२ | २७३९७८३८ | २३१९ | २७६६८६५५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ३१४ | २४०७७२९ | ३१७ | २५१६३६० | ३२९ | २५७११५६ | ३३५ | २६५८९३६ |
| जेष्ठ नागरिक एकल महिला | २४८ | १९६४३५० | २४० | १९०१९०० | २४३ | १९३११६० | २३१ | १८३५४०० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ४४३ | ३४९५२४० | ४५० | ३५६९७२० | ४६६ | ३६९२०८० | ४७५ | ३७६९२२० |
| पूर्ण अपाङ्गता भत्ता | ४९ | ५७९०८२ | ४९ | ५८६५३० | ५२ | ६१६५८८ | ५२ | ६२२४४० |
| अति अशक्त अपाङ्गता भत्ता | २२० | १४०२३५२ | २२१ | १४००८११ | २२४ | १४१४२३९ | २२१ | १४१०८६४ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | ४१७ | ६४१६२७ | ४५६ | ६७२७८३ | ४८५ | ७२३८३६ | ४८९ | ७५००८८ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३९४९ | ३७४१२४४८ | ४०२१ | ३७८५०७३१ | ४१०१ | ३८३४६८९७ | ४१२२ | ३८७१५६०३ |

५७.२ **पारदर्शिता र जवाफदेहिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले

लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो विवरण वेभसाइटमा राखेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

५७.३ **समीक्षा र सार्वजनिक सुनुवाई-** कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

५७.४ **लगत कट्टा-** कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको मूल अभिलेख (VERSPMIS) प्रणालीमा समेत अद्यावधिका गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आ.व. २०८०।८१ मा लगत कट्टाको विवरण माग भएकोमा कृषि विकास बैंक बाहेक अरु बैंकहरुबाट सो विवरण प्राप्त भएको छ। लगत कट्टाको स्पष्ट अभिलेख प्राप्त नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि यकिन गर्न सकिएन । प्रणालीबाट देखिएका लगत कट्टाको विवरण फर्वाड फिडसँग भिडान गर्दा निम्न लाभग्राहीको खातामा लगतकट्टा मिति पछि पनि रकम जम्मा भएको देखिन्छ । यसरी बढी भूक्तानी भएको रकम फिर्ता गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.

| क्र.स. | लाभान्वित वर्ग | लाभग्राहीको नाम | परिचय पत्र नं. | वडा | त्रैमासिक | लगत कट्टा | बढी रु. |
|---|---|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक | गौरी बानियाँ | १९९७०२०६००४९६ | ४ | पहिलो | २०८०/५/२५ | ३१०३ |
| २ | विधवा | सेती रोका मगर | २०२२१००१००५८७ | १ | तेस्रो | २०८०/११/७ | ३९९३ |
| ३ | अन्य जेष्ठ नागरिक | जुत्तीबल्लभ सापकोटा | २००२०३२४००४९३ | १ | तेस्रो | २०८०/११/८ | ३९१७ |
| ४ | अन्य जेष्ठ नागरिक | गुरुदत्त रेग्मी | २००४०१०५०६९३९ | ६ | चौथो | २०८१/२/२ | ४३६९ |
| ५ | अन्य जेष्ठ नागरिक | काली चोखाल | १९९३०४०३००७१२ | ९ | चौथो | २०८०/१२/३० | ६७८० |
| ६ | पूर्ण अपाङ्गता भत्ता | होम बहादुर रोका | २०२५१११९०११०९ | १० | तेस्रो | २०८०/१०/३ | ६५५४ |
| | | | | | | जम्मा | २८७१६ |

| असुल गर्नुपर्ने | २८,७१६ |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बेनी नगरपालिका, म्याग्दी , बेनी नगरपालिका , म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नेत्रप्रसाद पौडेल | २०८०-५-११ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्र.प्र.अ श्री धोलकराज ढकाल | २०७८-७-११ | २०८०-४-३० |
| लेखा प्रमुख | गोकुल शर्मा | २०७९-६-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३१२,६८३.०८ | १९,२७२,२६७.३ | ७,८४७,२८५.७४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २७,४३२,२३६.१२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २७,४३२,२३६.१२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६४८१७०००.६३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९८२५५३०० | चालु खर्च | ४८८९५३३५५.४३ |
| प्रदेश सरकारबाट अनुदान | २०६६४७५० | पूँजीगत खर्च | १५९५३३७९४.५२ |
| राजश्व बाँडफाँट | ११३३१४६५२.७३ | वित्तीय/अन्य व्यवस्था | २०८२३०९१३.५९ |
| आन्तरिक आय | ३५६७५१५७.१७ | | |
| अन्य आय | १७८११४०३०.४१ | | |
| कुल आय | ८४६०२३८९०.३१ | कुल खर्च | ८५६७१८०६३.५४ |
| बाँकी मौज्दात | | ५४१२२८२७.४ | |

## अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका विषय |
|---|---|---|
| 1 | आन्तरिक आय आन्तरिक आयको प्राप्ति तथा दाखिला | आय अनुमान, प्राप्ति र दाखिला |
| 2 | विविध खर्च | विविध खर्च सम्बन्धि विवरण |
| 3 | सफ्टवेयर खर्च | सफ्टवेयर खरिद तथा सञ्चालन |
| 4 | उपभोक्ता समितिमार्फत खरिद खरिद कानूनको पालना नभएको हुन सक्ने | १० लाख भन्दा बढी भुक्तानी भएका उपभोक्ता सम्बन्धि फाइल |
| 5 | प्रशासनिक खर्च तलव भत्ता तथा प्रशासनिक खर्चमा कानूनको पालना नभएको हुन सक्ने | कर्मचारी तथा पदाधिकारिहरुको तलब भत्ता र कार्यालय सञ्चालन खर्च |
| 6 | कार्यक्रम खर्च: शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम खर्चमा कानुनको पालना नभएको हुन सक्ने | विषयगत शाखाबाट सञ्चालित तालिम, अनुदान वितरण प्रकृयाका साथै शिक्षा र स्वास्थ्य तर्फका सशर्त कार्यक्रमहरु |
| 7 | ठेक्का व्यवस्थापन वोलपत्र तथा शिलवन्दी दरभाउपत्र खरिद व्यवस्थापन कानूनको पालना नभएको हुन सक्ने | ठेक्का मार्फत गरेको खरिदको भुक्तानी प्रकृया |
| 8 | सामाजिक सुरक्षा: सामाजिक सुरक्षा भत्ता वितरणमा कानूनको पालना नभएको हुन सक्ने | सामाजिक सुरक्षा लाभग्राहि र वितरण विवरण |
| 9 | डि पिआर खर्च | DPR खर्च |

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १२४७२०१९२.२९ | ० | १२४७२०१९२.२९ | १२१९२२७६०.२२ | ० | १२१९२२७६०.२२ |
| १३००० | अनुदान | | ४९२८९८८९३.७ | ० | ४९२८९८८९३.७ | ५४१२८९२७२.७२ | ० | ५४१२८९२७२.७२ |
| १४००० | अन्य राजस्व | | २२६९७६४७.२१ | ० | २२६९७६४७.२१ | २५८०५०३१.०१ | ० | २५८०५०३१.०१ |
| १५००० | विविध प्राप्ति | | १७९९३८७. | ० | १७९९३८७. | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ६४२११६१२०.२ | | ६४२११६१२०.२ | ६८९०१७०६३.९५ | | ६८९०१७०६३.९५ |
| ३ | चालु | | ४८८९५३३५५.४३ | ० | ४८८९५३३५५.४३ | ४८१५४३४२८.७४ | ० | ४८१५४३४२८.७४ |
| २१००० | पारिश्रमिक / सुविधा | | २४७५३५३२८.३८ | ० | २४७५३५३२८.३८ | ३१७७०४६२६.१४ | ० | ३१७७०४६२६.१४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १४३८०९३६१.०५ | ० | १४३८०९३६१.०५ | १३३०९८५२२.६ | ० | १३३०९८५२२.६ |
| २५००० | सहायता (Subsidy) | | ८०८३६२८१. | ० | ८०८३६२८१. | २६०९४३४०. | ० | २६०९४३४०. |
| २६००० | अनुदान | | ० | ० | ० | २०००००. | ० | २०००००. |
| २७००० | सामाजिक सुरक्षा | | १०५६८४७४. | ० | १०५६८४७४. | ३६५८४४९. | ० | ३६५८४४९. |
| २८००० | अन्य खर्च | | ६२०३९११. | ० | ६२०३९११. | ७८७४९१. | ० | ७८७४९१. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | पूंजीगत | | १५९५३३७९४.५२ | ० | १५९५३३७९४.५२ | २४३०३२७६६.५८ | ० | २४३०३२७६६.५८ |
| ३१११० | भवन तथा संरचना | | ३०४८०५०३. | ० | ३०४८०५०३. | ४७०९२८२१.९ | ० | ४७०९२८२१.९ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | १८५९२१०. | ० | १८५९२१०. | ६८८२८६०. | ० | ६८८२८६०. |
| ३११३० | अन्य पूँजीगत खर्च | | ४२०००००. | ० | ४२०००००. | ३४४११०५. | ० | ३४४११०५. |
| ३११५० | सार्वजनिक निर्माण | | १२२४९५३३१.५२ | ० | १२२४९५३३१.५२ | १८५६१५९७९.६८ | ० | १८५६१५९७९.६८ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ४९८७५०. | ० | ४९८७५०. | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ६४८४८७१४९.९५ | | ६४८४८७१४९.९५ | ७२४५७६१९५.३२ | | ७२४५७६१९५.३२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | -६३७१०२९.७५ | | -६३७१०२९.७५ | -३५५५९१३१.३७ | | -३५५५९१३१.३७ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | -४४६४२२६.८८ | | -४४६४२२६.८८ | ७७०५५३.८६ | | ७७०५५३.८६ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -१०८३५२५६.६३ | | -१०८३५२५६.६३ | -३४७८८५७७.५१ | | -३४७८८५७७.५१ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ६४८१७०००.६३ | | ६४८१७०००.६३ | ९९६०५५७८.१४ | | ९९६०५५७८.१४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५३९८१७४४. | | ५३९८१७४४. | ६४८१७०००.६३ | | ६४८१७०००.६३ |

## बेरूजु दफा ३१.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ ।